नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**
**नेपाल प्रहरी केनाईन कार्यालय**
(प्रशासन शाखा)

फो नं.:- ०१-४५१७०२२
०१-४५१६१२१
मो.नं.:- ९८५१२८५२६६

महाराजगंज, काठमाण्डौ ।

पत्र सङ्ख्या:- १/२०८२/०८३
प्र.प.सं.:-

मिति:- २०८२ साउन २१ गते ।
ने.सं. ११४५

## विषय:- निष्क्रिय प्रहरी कुकुर वितरण गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा **“प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८०”** मा रहेको प्रावधान बमोजिम गठित **“निष्क्रिय प्रहरी कुकुर व्यवस्थापन समिति”**बाट निष्क्रिय प्रमाणिकरण तथा **“मूल्य निर्धारण समिति”**बाट न्यूनतम मूल्य निर्धारण समेत भएको नेपाल प्रहरी केनाईन कार्यालय, महाराजगंजमा सेवारत तपसिल बमोजिमका निष्क्रिय प्रहरी कुकुरहरु वितरणको प्राथमिकतामा रहेका ईच्छुक दाता, बहालवाला एवं पूर्व प्रहरी कर्मचारीहरु र अन्य सर्वसाधारण व्यक्तिहरुलाई वितरण गर्ने व्यवस्था मिलाईएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आवश्यक कागजात सहित सक्कलै निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वितरण गरिने निष्क्रिय प्रहरी कुकुरहरुको विवरण:-**

| सि.नं. | निष्क्रिय प्रहरी कुकुरको | | | | | | कै. |
|---|---|---|---|---|---|---|---|
| | जात | नाम | लिङ्ग | उमेर | विषय | निर्धारित मूल्य | |
| १. | जर्मन शेफर्ड | बिजुली (Bijuli) | पोथी | २०७४/०२/२९ ८ वर्ष | खोजी तथा उद्धार | ५,०००।- | |
| २. | गोल्डेन रिट्रिभर | मोती (Moti) | भाले | २०७०/१२/१७ ११ वर्ष | लागू औषध खोजी एवं पहिचान | ४,०००।- | |
| ३. | जर्मन शेफर्ड | म्याक (Mack) | भाले | २०७२/१०/१६ ९ वर्ष | विष्फटक पदार्थ खोजी एवं पहिचान | ४,५००।- | |

**निवेदनका साथ पेश गर्नु पर्ने कागजात:**

१. **नेपाल प्रहरीको बहालवाला प्रहरी कर्मचारीहरुको हकमा:** सम्बन्धित प्रहरी कर्मचारीको परिचय पत्रको प्रतिलिपि ।
२. **नेपाल प्रहरीको पूर्व प्रहरी कर्मचारीहरुको हकमा:** सम्बन्धित पूर्व प्रहरी कर्मचारीको पेन्सनपट्टाको प्रतिलिपि ।
३. **अन्य सर्वसाधारण व्यक्तिहरुको हकमा:** नाम, ठेगाना खुल्ने कुनै सरकारी प्रमाणपत्रको प्रतिलिपि ।
४. **दाताको हकमा:** सहयोग स्वरुप कुकुर प्रदान गर्दाको सर्तनामाको प्रतिलिपि ।

अध्यक्ष
(प्रा.प्र.उ. डा. राम चन्द्र सत्याल)
निष्क्रिय प्रहरी कुकुर व्यवस्थापन समिति

**(नोट: यो निष्क्रिय प्रहरी कुकुर वितरण सम्बन्धी सूचना “प्रहरी कुकुर (K-9) हरुको विषयगत सङ्ख्या निर्धारण, सेवा प्रवेश तथा सेवामुक्त सम्बन्धी कार्यनिर्देशन -२०८० (पहिलो परिमार्जन) को “अनुसूची -२३” अनुसार तयार गरिएको छ ।)**